नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल प्रहरी प्रधान कार्यालय
## केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं ।
मिति: २०७९/०५/१२ गते ।

## प्रेस विज्ञप्ती- १७

### "कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ"

मिति २०६६।०२।२६ गते जिल्ला मनाङ,नार गा.वि.स वडा नं.८,घाङराङ लेकमा बाहिरको व्यक्ति आई यार्सागुम्बा टिपिरहेको सूचना अन्नपूर्ण संरक्षण क्षेत्रमा व्यवस्थापन समितिका अध्यक्ष फुर्पा ठेले लामा र सोनाम खाम्सुङ घलेले सूचना पाए पश्चात रिसईबीको कारणले उक्त क्षेत्रमा अन्य व्यक्तिहरु परिचालन गरी कार्वाही तथा पक्राउं गर्ने क्रममंा मिति २०६६।०२।२७ गते ज्ञान बहादुर गुरुङ्ग समेत ७ जनालाई घेरा हाली ढुङ्गा ,लाठी, छुरा,खुकुरी,लात्ती,मुक्का समेतले कुटपिट गरी कर्तन्य गरी मारेको मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट निज प्रतिवादी छिरिङ लोप्साङ लामा समेतलाई मुलुकी ऐन, ज्यान सम्बन्धीको १८८ नं. वमोजिम १० (दश) बर्ष कैद निर्धारण हुने गरी फैसला भएको र निज प्रतिवादी उक्त सजाय वेरुजू रही भागी फरार रहेको अवस्थामा यस केन्द्रीय अनुसन्धान ब्यूरोबाट फैसला कार्यान्वयन तथा फरार प्रतिवादीहरुको खोजतलास एवं पक्राउको लागी परिचालित टोलीले निजलाई आज मिति २०७९/०५/१० गते स्वयम्भु, काठमाडौंबाट पक्राउ गरी फैसला कार्यान्वयनको लागि सम्मानित काठमाडौं जिल्ला अदालतमा पेश गरेकोमा सम्मानित अदालतबाट कैद भुक्तानको लागि आजै कारागार कार्यालय सुन्धारा,काठमाडौंमा पठाईएको ब्यहोरा सूचित गरिन्छ ।

**पक्राउ प्रतिवादी:**



| | |
|---|---|
| **प्रतिवादी:** | छिरिङ लोप्साङ लामा |
| **उमेर:** | ३७ बर्ष |
| **ठेगाना:** | जिल्ला मनाङ,नार गा.वि.स. वडा नं.६ परिवर्तित नारपु गा.पा. वडा नं.२ घर भई हाल का.जि.का.म.न.पा. वडा नं.१५ |
| **मुद्दा:** | कर्तव्य ज्यान |
| **सजाय:** | १०(दश) बर्ष कैद |
| **फैसला मिति:** | २०७५।०९।०१ |
| **फैसला गर्ने** | सर्वोच्च अदालत |
| **पक्राउ मिति:** | २०७९/०५/१० |
| **पक्राउ स्थान:** | स्वयम्भु, काठमाडौं |

**उप निर्देशक**
(कमल थापा)
प्रहरी उपरीक्षक
सम्पर्क नम्बर:९८५१२९१३११
मिति २०७९/०५/१२ गते।